मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १४० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २४ गते बिहीबार (Thursday, April 7. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## करेन्ट लागेर र डुबेर दुई जनाको मृत्यु

**झापा, चैत २३।** झापाको हल्दिबारी गाउँपालिका-२ पशुपति चोकमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

कञ्चन निर्माण सेवाको बा.१ ज ७७४७ नम्बरको टिपरबाट गिट्टी अनलोड गर्ने क्रममा टिपरले बिद्युत्को तारमा छुँदा करेन्ट प्रवाह भई टिपर चालक हल्दिबारी-५का ४८ बर्षीय बिक्रम तामाङ घाइते भएकोमा तत्काल उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा लगिएकोमा त्यहाँ पुऱ्याउनासाथ डाक्टरले मृत घोषणा गरेका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

# नागरिकताले धमिलिएको सपनाहरु

दीपेश राजवंशी

**भद्रपुर, चैत २३।** स्थानीय तहको निर्वाचन २०७९को लागि नेपाल सराकारले एक लाख म्यादी प्रहरीका लागि दर्खास्त आव्हान गऱ्यो ।

देशमा रहेको बेरोजगार युवाहरुको लागि यो एउटा राम्रो अवसर हो तर एक जमातमा त्यस्तो युवा पनि छन् जो नेपालमा जन्मिएर नेपाली हुनुमा गर्व गर्छन् । शिक्षित छन्, शारीरिक तन्दुरुस्ती छ, म्यादी प्रहरीमा भर्ती भएर राष्ट्रको सेवा गर्ने जोस, जाँगर पनि छ तर बिडम्बना उनीहरुसँग नेपाली नागरिकता नै छैन ।

भद्रपुर-७, बुधकरण टी इस्टेटको क्वाटरमा बस्ने एलिसा खेरवारले शिक्षा संकायमा १२ कक्षा उत्तीर्ण गरेकी छन् । तर, यतिबेला उनलाई चिया बगानमा चियाको पात टिप्न धमाधम छ । यो उनको दैनिकी वा रहर नभई बाध्यता भएको उनी बताउँछिन् । बि.सं. २०५५ साल माघ ५ गते बुबा रामप्रसाद खेरवार र आमा गीता खेरवारको पाँच छोरीहरुमध्ये काइँली छोरीको रुपमा भद्रपुर-७मा उनको जन्म भयो । उनका बुबाआमा दुबै साढे तीन दशकदेखि बुधकरण टी इस्टेटमा चिया मजदुरको रुपमा काम गर्दै थिए ।

तर, बुबाआमा दुबैलाई बुढेसकाल लागेपछि परिवारमा चरम आर्थिक अभाव खड्कियो अनि एलिसाको पढाइलाई निरन्तरता दिने सपना पनि



त्यहीँ टुंगियो । उनले मोरान मेमोरियल स्कूलबाट २०७१ सालमा एसएलसी र वीरेन्द्र नमूना क्याम्पसबाट २०७४ सालमा कक्षा १२ उत्तीर्ण गरिन् । स्पष्ट नेपाली र अंग्रेजी दुबै भाषामा बोल्न र लेख्न जान्ने उनी आफ्नो राष्ट्रियता झल्काउने नागरिकता नहुँदा दुःखी छिन् । उनका बुबाआमा दुबैको जन्मसिद्ध नगरिकता भए पनि छोरीहरुले अहिलेसम्म नागरिकता पाउन सकेका छैनन् । एलिसा भन्छिन्- मैले पढ्ने मन हुँदाहुँदै पनि परिवारको आर्थिक अवस्था र नागरिकता बिनाको अन्यौल भविष्य सम्झेर अगाडि पढ्न सकिनँ । जुनसुकै काम होस्, चाहे त्यो सरकारी होस् या निजी, नागरिकता अनिवार्य छ । तर, मसँग नागरिकता नहुँदा मैले पढेर पनि मेरो योग्यताले भ्याउने अवसर पाउन सक्दिनँ र मैले ज्याला मजदुरी नै गर्नुपर्छ भने मैले किन पढ्ने जस्तो पनि लाग्छ ।

एलिशाकै कान्छी बहिनी आशा अहिले १९ बर्षकी भइन् । उनी अहिले वीवीएस प्रथम बर्षमा अध्ययनरत् छिन् । बि.स. २०६० साल माघ १६ गते जन्मिएकी आशाले मोरान मेमोरियल स्कूलबाट २०७५ सालमा एसएलसी र २०७७ सालमा व्यवस्थापन संकायबाट १२ उत्तीर्ण गरेकी छन् । पढाइमा जेहेन्दार आशा परिवारको नै आशा हुन् । उनले भविष्यमा बैंकर्स बन्ने लक्ष्य राखेकी छन् । तर, अहिलेसम्म नागरिकता नपाउँदा उनको लक्ष्य अनि उनी प्रति परिवारको आशा कतै निराशामा परिणत त हुँदैन भनेर उनी बेला-बेला टोलाउने गर्छिन् । मीठो स्वरकी धनी आशा गीत गाउन, कथा पढ्न रुचाउँछिन् । जतिसुकै गाह्रो अवस्था भए पनि आफ्नो समुदायको उत्थानको लागि काम गर्ने उनको सपना छ ।

केही दिन पहिले नेपाल प्रहरीले स्थानीय चुनाबको लागि म्यादी प्रहरीको दर्खास्त आव्हान गरेको थियो । तर नागरिकता नभएकै कारण आफूले म्यादी प्रहरीमा समेत भर्ती हुन नपाउँदाको दुःख व्यक्त गर्दै आशा भन्छिन्- मेरा सबै साथीहरु म्यादी प्रहरीमा भर्ती हुन गए तर मसँग नागरिकता नभएकै कारण मैले त्यो अवसर पाउन सकिनँ । साथीहरु प्राक्टिस गर्छन्, मलाई पनि मन लाग्छ तर के गर्नु मसँग नागरिकता छैन । भर्ती हुन पाएको भए त्यो पैसाले आफ्नो पढाइ र परिवारको धेरै आवश्यकता पूरा गर्न मद्दत पुग्थ्यो ।

एलिसा र आशा जस्तै यस वार्ड नम्बर ७ भित्र अरु थुप्रै परिवार छन् । जहाँ बुबा आमाले जन्मसिद्ध नागरिकता पाएका त छन् तर तिनका छोराछोरीहरुले अझै पाएका छैनन् । चुनावै पिच्छे विभिन्न दलका नेता र तिनका कार्यकर्ता अनेक सपना दिन त्यस गाउँमा पुग्ने त गर्छन् तर चुनाव सकिएपछि ती नेताहरुलाई फेरि कहिल्यै देख्न नपाएको गुनासो गर्छिन्- स्थानीय ५८ बर्षीया मङ्ली सोरेन ।

यस्तै नागरिकता नभएको पीडा खेपिरहेका धेरैमध्ये अर्को एक हुन्- २० बर्षीय युवा साम्युल हेमरम । कक्षा १२मा अध्ययनरत् साम्युलले वीएड पास गरेर शिक्षक बनेर ग्रामीण भेगमा बसोबास गर्ने सन्थाल समुदायमा व्याप्त अशिक्षाको अन्धकार हटाउने लक्ष्य राखेका छन् । नेपाललाई आफ्नो प्राणभन्दा पनि धेरै माया गर्ने साम्युल आफ्नो अन्यौल भविष्यप्रति चिन्तित छन् । उनी

(बाँकी अन्तिम पृष्ठमा)

# ट्युसन हिँडेकी कविताको यसरी भयो हत्या

**उदयपुर, चैत २३।** उदयपुरको बेलका नगरपालिका-६ किराँत चौककी १६ वर्षीया किशोरी कविता सुनुवारको बियरको बोतल प्रहारबाट हत्या भएको खुलेको छ ।

प्रहरीले हत्यामा संलग्न बेलका नपा-३ बस्ने १९ वर्षीय बिनोद ढकाललाई सार्वजनिक गरेको छ । घटनामा एक नाबालिकाको संलग्नता देखिए पनि उनलाई प्रहरीले सार्वजनिक गरेको छैन् ।

एकवर्षदेखि ती नाबालिकाको घरमा बस्दै आएका बिनोदको घर भने भारतको सिक्किम राज्य वियुङ रहेको बताइएको छ । हत्यामा संलग्न आरोपीलाई जिल्ला प्रहरी कार्यालय उदयपुरले बुधवार सार्बजनिक गरेको हो ।

घटनाको भोलिपल्ट प्रहरीले पत्रकार सम्मेलन गरी हालसम्मको अनुसन्धानबाट देखिएको अभियुक्तलाई सार्बजनिक गरेको हो । उनीहरुले मंगलबार विहान ट्युसन पढ्न जाने निहुँ पारेर बोलाएर बाटोमा हत्या गरेको स्वीकार गरेको जिल्ला प्रहरी प्रमुख एसपी सुवासचन्द्र बोहोराले बताए ।

अनुसन्धानबाट बिहानै हत्यामा संलग्न अभियुक्तहरुले किशोरीलाई बोलाई हत्या गरेको खुलेको छ । एसपी बोहोराले भने-वयानमा समेत उनीहरुले यो कुरा स्वीकार गरेका छन् । हत्याको मुख्य योजनाकार नाबालिका छिन् ।

एसपी बोहोराका अनुसार हत्या गर्नुको कारण साथी-साथीबीच प्रतिशोध रहेको बुझिएको छ । मृतक कविता र हत्यामा संलग्न भएको आरोपित नाबालिका साथी हुन् । उनीहरु दुबैजना स्थानीय कोशी जनता माध्यमिक बिद्यालयमा एकै कक्षामा अध्ययनरत् हुन् । साथी-साथीबीच मिलन देखिए पनि भित्रभित्रै विविध कुराले मनमुटाव, विवाद हुने र एकअर्कामा कटाक्ष हुने गरेकाले प्रतिशोध साँध्न मार्ने योजना बनाएको अनुसन्धानमा खुलेको छ ।

सो योजनामा बिनोदको मद्दत लिएर हत्या गरेको पाइएको एसपी बोहोराले बताए । शुरुमा पछाडिबाट खाली वियरको बोतलले टाउकोमा प्रहार गरेको र अरुले थाह पाउँछ भन्ने डरले पछि ढुङ्गाले हानेर मारेको बयान उनीहरुले दिएका छन् । उनीहरुले हत्या गरेपछि करिब ४० मिटर टाढा लगेर शव फालेका थिए ।

सदाझैं बिहान ट्युसन पढ्न घरबाट हिँडेकी किशोरीलाई केही घण्टापछि गाउँलेले मृत अवस्थामा भेटेर प्रहरीलाई खबर गरेका थिए । हत्यापछि घरै बसेका उनीहरुलाई प्रहरीले आशंका गरी घरबाटै पक्राउ गरेको थियो ।

# कनकाई : करोडौंका भौतिक निर्माण सम्पन्न



विनोद पाण्डे

**चारपाने, चैत २३।** झापाको कनकाई नगरपालिकामा एकै दिन २ घण्टाको समय अवधिभित्र चारवटा कार्यक्रम सम्पन्न भएको छ ।

बुधबार विहान ८:३०देखि १०:३० बजेको समयमा नगरपालिकाको प्रशासनिक भवन, विद्युतीय कर भुक्तानी सेवा, खुल्ला व्यायामशालाको उद्घाटन र कनकाई बन्द निषेधित अंकित प्रतिमा अनावरण गरिएको हो । कनकाई नगरपालिकाको दुई तले प्रशासनिक भवन, विद्युतीय कर भुक्तानी सेवा, सुरुङ्गा बजारमा निर्माण गरिएको बन्द निषेधित स्तम्भ, खुल्ला व्यायामशालाको उद्घाटन कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले गरेका छन् ।

प्रशासनिक भवन उद्घाटन कार्यक्रममा नगरपालिकाको भवनको लागि ६ कट्ठा १० धुर जग्गा दान गर्ने दाताहरुलाई सम्मान गरिएको छ । सम्मानित हुने दाताहरुमा कनकाई-१ निवासी मातृकाप्रसाद, अञ्जना, उमाप्रसाद, सीतादेवी, भवानीशंकर, दीपा, हेमन्त, शान्ता, प्रशान्त, आरजु, रेनुशंकर, गंगा, कोमल, ऋचा, पारस, सन्जना सिटौला रहेका छन् ।

त्यसैगरी २ कट्ठा जग्गा दान गर्ने स्थानीय ओली परिवारका दाताहरु शरदकुमार, मेनुका, शान्ता, झलेन्द्रकुमार, उर्मिला, शिला, दिव्या ओलीलाई सम्मान-पत्रद्वारा सम्मान गरिएको थियो । दाताहरुलाई नगरप्रमुख पोखरेल, उप-प्रमुख मञ्जु प्रसाईं, कार्यकारी प्रमुख मोहनप्रसाद न्यौपानेलगायतले सम्मान गरेका थिए ।

त्यसैगरी मेयर पोखरेलले नगरपालिकाले शुरु गरेको स्मार्ट सेवा अन्तर्गत विद्युतीय कर भुक्तानी सेवाको पनि शुभारम्भ भएको घोषणा गरेका थिए । आगामी दिनमा नगरका दैनिक कामकाज पूर्ण प्रविधिमैत्री

(बाँकी अन्तिम पृष्ठमा)

# राप्रपाबाट तीन आकांक्षी

संगीता उप्रेती



ओझा उप्रेती दाहाल

**सुरुङ्गा, चैत्र २३।** कनकाई नगरपालिकामा जनमतका हिसाबले तेस्रो शक्तिको रूपमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कनकाई नगरपालिका प्रमुखका लागि तीन जना आकांक्षी देखिएका छन् ।

आगामी २०७९ बैशाख ३०मा हुने तय भएको चुनावका लागि राप्रपाबाट मेयर पदमा केशवप्रसाद ओझा, ज्योतिकुमार उप्रेती र भूपेन्द्र दाहालले दावी गरेका छन् ।

ओझा विद्यार्थीकालदेखि नै पञ्चायत समर्थकका रूपमा क्रियाशील भई राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनको जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

# टाइफाइड रोगबिरुद्ध खोप अभियान चैत्र २५देखि

**बिर्तामोड, चैत २३।** सरकारले टाइफाइड रोगविरुद्ध खोप अभियान शुरु गर्ने भएको छ । झापासहित ७७ जिल्लामा यही चैत्र २५ गतेदेखि एकसाथ खोप अभियान शुरु गर्न लागिएको हो ।

बुधबार स्वास्थ्य कार्यालय झापाद्वारा बिर्तामोड नगरपालिकाको सभाहलमा आयोजित टाइफाइड रोग विरुद्धको खोप अभियान तथा नियमित खोपमा टाइफाइड खोपको शुरुवातको विषयमा झापाका सञ्चारकर्मीसँग भएको अन्तरक्रिया कार्यक्रममा यही चैत्र २५ गतेदेखि जिल्लाका सबै पालिका र वडाहरुमा खोप अभियान सञ्चालन गर्ने जानकारी गराइएको हो ।

टाइफाइड/म्यादे ज्वरो मानिसको ज्यानै जोखिममा पार्न सक्ने संक्रामक रोग सबै उमेर समूहका व्यक्तिहरुमा लाग्ने भए पनि १५ वर्षमुनिका बालबालिका

(बाँकी अन्तिम पृष्ठमा)

## काठमाडौंबाट आयुर्वेद विशेषज्ञ डाक्टर आउने बारेको सूचना

यदि मिति २०७८ चैत २५ गते आयुर्वेदिककै ख्यातिप्राप्त वरिष्ठ कन्सल्टेन्ट डाक्टर **सिद्धार्थ ठाकुर** सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।

टाउको दुख्ने, माइग्रेन, जण्डिस, हेपाटाइटिस थाइराइड मृगौलाको पथ्थरी, ग्याष्ट्रिक, पुरानो अल्सर, निद्रा नलाग्ने, पुरुषहरुको शीघ्र स्खलन, महिलाहरुको पाठेघर सम्बन्धी समस्या, महिनाबारी गढबढी, बाँझोपन, निःसन्तान, हाडजोर्नी, युरिक एसिड, बाथरोग, पैतला झम्झमाउने, नसा च्यापिएको, मुटुको रोग पुरानो टन्सिल मोटोपन, कोलेस्ट्रोल बढेको लगायत शारीरिक एवम् मानसिक समस्या भएका बिरामी वर्गले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा. लि.**

काँकरभिट्टा रोड बोलबल पेट्रोलपम्पसँगै

फोन नं.: ९८१८७९३९८६, ९८५२६८८९८६, ९८१७९४४०५७

## डाक्टर आउनेबारेको सूचना

**डा. विकास जैशी**

MBBS, MD, DM Hepatology (NAMS)

वरिष्ठ लिभर

(कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ)

वीर अस्पताल काठमाडौंबाट यही चैत २७ गते आइतबार आउँदै हुनुहुन्छ ।

सम्पर्क : **कन्काई हस्पिटल प्रा. लि.**

बिर्तामोड, झापा (फोन नं. : ०२३-५३३८१८, ५३३८०७)

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र

अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।*

## सम्पूर्ण धर्मअनुरागी महानुभावहरूलाई हार्दिक निमन्त्रणा





रामनवमी तथा नयाँ बर्षको अवसरपारेर झापाको अर्जुनधारा-४ भाङबारीस्थित बिन्ध्यावासिनी सिंहदेवी मन्दिरमा यही चैत १९ गतेदेखि नवाह यज्ञ सप्तसती चण्डी पाठ महायज्ञ सम्पन्न गर्ने कार्यक्रम साथै **श्री रामचरित्रा मानस**को संगीतमय रामकथा **आचार्य प्रखर आशुतोष खनाल**ज्यू तथा उपवाचक **किरण चापागाई**को मुखारविन्दबाट कथा वाचन श्रवण गरी राधा कृष्ण मन्दिर निर्माण, अक्षयकोषको निरन्तरता, भूमिदानको निरन्तरता, धान्याञ्चल दान साथै योगमाया देवीको भव्य प्राण प्रतिष्ठाका साथै बृहत् विकास गर्ने कार्यक्रम अन्तर्गत यही मिति २०७८ चैत २५ गतेका दिन विहान ७ बजे वीएण्डसी हस्पिटलको प्राङ्गणबाट बाजागाजा साथै झाँकीका साथ योगमाया देवीको शोभा यात्रा गरी बिन्ध्यावासिनी सिंहदेवी मन्दिर परिसरमा प्राण प्रतिष्ठा गरिने भएकोले उक्त शोभायात्रामा सरिक भइदिनुहुन सम्पूर्ण धर्मानुरागी महानुभावहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।

**श्री बिन्ध्यावासिनी सिंहदेवी मन्दिर परिवार**

अर्जुनधारा नपा-४, भाङबारी (झापा)

## कनकाई घाट संस्थाको साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

कनकाई घाट संस्थाको सातौं वार्षिक साधारणसभा तथा कार्यसमितिको निर्वाचनसहित पाँचौं अधिवेशन देहायको स्थान, मिति र समयमा गरिने तय भएकाले संस्थापक सदस्य, आजीवन सदस्य र साधारण सदस्यहरू सबैलाई उपस्थितिका लागि अनुरोधसहित जानकारीको लागि यो सूचना गरिएको छ ।

तपसिल

स्थान : कडरिया+भेटवाल बन्धु समाजको सभाहल (कनकाईधाम कोटीहोम परिसर)

मिति : २०७८ साल चैत्र २५ गते शुक्रवार    समय : बिहान ९:३० बजेदेखि ।

**प्रभाखर कडरिया:** अध्यक्ष

**कनकाई घाट संस्था**, कनकाई नगरपालिका-४, कोटीहोम, झापा

## BANKING CAREER OPPORTUNITY

Central Finance Ltd., a well established national level "C" class financial institution licensed by Nepal Rastra Bank, having its Head Office at Kupondole, Lalitpur which has been in operation for the last 25 years invites applications from self motivated & result oriented Nepalese citizens for its ITAHARI & BIRTAMODE branches.

**Credit Department (Assistant Level)**
*Branch: Itahari, Birtamode*

- Bachelor's degree in relevant subject or in stage of completion,
- Previous work experience in BFIs is preferred,
- Ability to use PUMORI software,
- Ability to check credit analysis & histories, assess risk and make decisions on lending,
- Ability to achieve given targets,
- Age not exceeding 30 years.

**Operation Department (Assistant Level)**
*Branch: Birtamode*

- Plus 2 minimum but pursuing Bachelor's degree in relevant subject,
- Proficiency in computer operation required,
- Ability to use PUMORI software preferred,
- Previous work experience in BFIs is preferred,
- Age not exceeding 30 years.

Deserving candidates are requested to send their application mentioning the expected renumeration along with updated CV (enclosing a scanned copy of recent PP sized photograph) to info.centralfin@gmail.com within 7 days of this invitation call. Only short listed candidates will be notified for further selection process. Central Finance Ltd. reserves the right to reject application without assigning any reason whatsoever.

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
Kupondole, Lalitpur. Tel: 01-5970005
www.centralfinance.com.np

## करेन्ट ...

उता मोरङको धनपालथान गाउँपालिका-३ डकुवा डाँडास्थित रहेको एबीसी इटाभट्टाको खाल्डोमा जमेको पानीमा डुवेर इटाभट्टाका कामदार भारत वेष्ट बंगालका लालतन आलमको २ बर्षीय छोरा अरमान मियाँको मृत्यु भएको छ ।

## राप्रपाबाट ...

नेता हुँदै हाल राप्रपाका जिल्ला अध्यक्षको रूपमा क्रियाशील छन् । तीन दशक बढी शिक्षण पेशामा रहँदा एक उत्तम प्रधानाध्यापकको भूमिका निर्वाह गरेका ओझा कनकाई नगर र जिल्लाकै प्रभावशाली राप्रपा नेता मानिन्छन् । उनले लामो समयसम्म कनकाई-८ लक्ष्मीपुरस्थित हिमाली माविमा प्रधानाध्यापकको रुपमा नेतृत्व सम्हालेका थिए । ओझा व्यवहारकुशल, राजनीतिमा प्रतिकूल परिस्थितिका बीच पनि काम गर्ने उनको बानी छ ।

उप्रेती २०६४ सालदेखि राप्रपा अभियानमा सामेल भएका हुन् । उनी कनकाई खेलकुद प्रतिष्ठान (कासा) का संस्थापक अध्यक्ष, ज्ञानज्योति युवा क्लबका अध्यक्ष लगायतका जिम्मेवारीमा रही समाजसेवाको क्षेत्रमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । हाल उनी कनकाई नगरको अध्यक्षको रूपमा क्रियाशील छन् ।

त्यस्तै गणित र अर्थशास्त्रमा स्नातक दाहाल पञ्चायत राजनीतिमा कनकाई क्षेत्रमा अग्रणी मानिने नेता स्व. विष्णुप्रसाद दाहालका छोरा हुन् । डेढ दशकभन्दा बढी दुबईको बहुर्राष्ट्रिय कम्पनीमा कामको अनुभव संगालिसकेका दाहालले कामको सिलसिलामा आधा दर्जनभन्दा बढी मुलुकको भ्रमण गरिसकेका छन् । कनकाई नगरमा युवाहरूमाझ राम्रो छवि बनाएका दाहाल आफ्नै मातृभूमिको सेवा गर्ने उद्देश्य बोकी स्वदेश फर्केपछि पूर्णकालीन भएर राजनीतिमा होमिएका छन् । उनी राप्रपाको संगठन विस्तारमा अहोरात्र खटिरहेका छन् । राप्रपा कनकाईबाट आगामी निर्वाचनमा सम्भव भएसम्म ४७ वटै पदमा उम्मेदवारी दिने र वैकल्पिक शक्तिको रूपमा पार्टीलाई स्थापित गर्ने कनकाई नगर सचिव दाहालले बताए । हाल राप्रपाप्रति जनताको अपार समर्थन बढिरहेको र राप्रपामा राजेन्द्र लिङ्देनको नेतृत्व आएपछि जनतामा विश्वास जागृत भएको उनले बताए ।

## नागरिकताले ...

भन्छन्- म यही देशमा जन्मिएँ, मेरो आमा बुबाको दुबैको जन्मसिद्ध नागरिकता छ तर मेरो नागरिकता पाउने उमेर हुँदाहुँदै पनि पाएको छैन, अनि दु:ख लाग्छ । गीत गाउन, फुटबल खेल्न रुचाउने साम्युल नेपाली राष्ट्रिय फुटबल टोलीमा सामेल हुने रहर भएर पनि नागरिकता नभएकै कारण त्यो पूरा नभएको बताउँछन् ।

साम्युल थप्छन्- साथीहरु कता-कता फुटबल क्लबतिर छिर्छन्, नागरिकता नहुँदा त्यो अवसर पनि मैले पाएको छैन । गरिबी र बेरोजगारी त छदैछ, त्योभन्दा पनि ठूलो समस्या हो नागरिकता नहुनु । यही माटोमा जन्मेँ, हुर्कें तर नागरिकता छैन, कतै म शरणार्थी पो हुँ कि भन्ने भान आफूलाई हुने गरेको उनी बताउँछन् ।

झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालका अनुसार बुबाआमाको जन्मसिद्ध नागरिकता भएता पनि तिनका छोराछोरीलाई जन्मको आधारमा नागरिकता दिने कानून बनिनसकेको छैन । अदालतले पनि कानून बनाएर मात्रै दिनु भनेको हुनाले झापामा मात्र नभइ नेपालको कुनै पनि जिल्लामा नागरिकता नदिएको उनले बताए ।

सरकारी वा गैरसरकारी जुनसुकै क्षेत्रमा पनि आबद्ध हुन या वैदेशिक रोजगारीकै लागि भए पनि सबैभन्दा पहिले चाहिने आधार नै नागरिकता हो । देशको अमूल्य सम्पत्ति भनेको नै त्यस देशका युवाहरु हुन् तर तिनै युवाहरुमध्ये केही युवाहरुले नागरिकता नपाई अन्यौलमा आफ्नो भविष्य खोजिरहेको अवस्था छ भने अर्कातिर राष्ट्रले पनि ती कर्मठ युवाहरुको शारीरिक र बौद्धिक क्षमता देश बिकासको लागि उपयोग गर्न नसक्नु बिडम्बना हो ।
प्रशिक्षार्थी पत्रकार

## टाइफाइड ...

संक्रमणको सम्भावना ११ गुणा बढी रहेकाले खोप अभियानमा १५ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई सहभागी गराइने स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत तथा निमित्त प्रमुख ईश्वरीप्रसाद पौडेलले जानकारी दिए । अभियान ५/७ दिन रहने र त्यसपछि १५ महिना पुगेकालाई नियमित खोपका रुपमा टाइफाइड रोगबिरुद्धको खोप समावेश गरिने उनले बताए । यसअघि १२ वटा विभिन्न घातक रोगविरुद्ध नियमित खोप सञ्चालन हुँदै आएकोमा टाइफाइडविरुद्धको यो खोप १३औं नियमित खोपका रुपमा रहने बताइएको छ ।

यो खोप अभियानका समयमा १५महिनादेखि १५ वर्षसम्मका बालकालिकाले १ मात्रा र सोपछि १५ महिनाका प्रत्येक बालबालिकाले नियमित खोपमार्फत एक मात्रा खोप लगाउनु पर्दछ । देशभर ७५ लाख र झापामा दुई लाख १५ हजार ३५० जनालाई यो खोप लगाइनेछ । यसका लागि तीन सय कर्मचारीलाई तालिम दिइसकिएको कार्यक्रममा जानकारी दिइयो ।

उच्च ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, पसिना आउने मुख्य लक्षण देखिने टाइफाइड रोगबिरुद्धको खोप टाइफाइड कञ्ज्युगेट भ्याक्सिन विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको र विश्वको धेरै देशहरुमा प्रयोग भइसकेकोले सुरक्षित र प्रभावकारी रहेको बताइएको छ ।

कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका कार्यक्रम फोकल पर्सन बालकृष्ण भण्डारीले यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा दूषित खाना र पानीको माध्यमबाट सर्ने भएको हुँदा यसबाट बच्ने मुख्य उपाय भनेको नै व्यक्तिगत तथा वातावरणीय सरसफाइ भएकाले सरसफाइमा ध्यान दिनका साथै र खोप अनिवार्य लगाउनुपर्ने उनले बताए ।

निमित्त कार्यालय प्रमुख पौडेलले यो खोप कडा एलर्जी भएका, एड्स, उच्च ज्वरो तथा सिकिस्त विरामी बाहेक हल्का ज्वरो, रुघाखोकी लागेको, साधारण बिरामी भएको अवस्थामा समेत लगाउन सकिने भएकाले लगाउन योग्य उमेर समूहकाले निर्धक्क भई खोप लगाई खोप अभियानमा सहभागी हुन आग्रह गरे ।

## कनकाई ...

बन्नुपर्नेमा पोखरेलले जोड दिए । ५ वटा विभिन्न एप प्रयोग गर्न सकिने विद्युतीय कर भूक्तानी सेवा नेपालमै पहिलोपटक स्थानीय सरकारले प्रयोगमा ल्याउने कनकाई नगरपालिका पहिलो बनेको पालिकाका सूचना प्रविधि अधिकृत खगेन्द्र मिश्रले दावी गरेका छन् ।

विभिन्न कालखण्डमा राजनीतिक आन्दोल, हड्तालको चपेटामा देश नै परेको बेला झापाको सुरुङ्गामा भने स्थानीय नागरिक र दलका नेताको एकता र समझदारीमा सुरुङ्गा बजारलाई बन्द निषेधित क्षेत्र घोषणा गरिएको थियो । उक्त घोषणाका कारण सुरुङ्गाको परिचय देशव्यापी बन्न पुगेको छ । बन्द निषेधित क्षेत्र कनकाईको परिचय बनेकोले आगामी दिनमा पनि अभियानलाई निरन्तरता दिने र इतिहास राख्ने उद्देश्यले सुरुङ्गा बजार पश्चिम बस बिसौनी दक्षिणमा कनकाई बन्द निषेधित क्षेत्रको संकेत स्वरुप एउटै ढुङ्गाको ६ फिट भन्दा अग्लो स्तम्भ बनाइएको छ । विगत दुई बर्षदेखि बनाउन शुरु गरिएको स्तम्भ तयार भएकाले नगर प्रमुखले अनावरण गरेका थिए । त्यसैगरी स्तम्भ परिसरमा खुल्ला व्यायामशालाको पनि नगर प्रमुख पोखरेलले उद्घाटन गरेका छन् ।

स्तम्भ र व्यायामशाला निर्माणको लागि नगरपालिकाले छुट्टै समिति बनाएको थियो । उक्त समितिको अध्यक्षमा मौसम श्रेष्ठ, सचिव नमिता बस्नेत काफ्ले, कोषाध्यक्ष राधिका ओली कडरिया, सदस्यहरुमा अर्जुनकुमार बिमली, मिलन खरेल, ऋषि राई र गणेशप्रसाद पोखरेल रहेका थिए ।

बन्द निषेधित स्तम्भको परिकल्पना र कलाकारिता स्थानीय मूर्तिकार हिम्मत नेम्वाङ्ले गरेका हुन् । प्रतिमा राख्नको लागि इञ्जिनियरिङको काम इञ्जिनियर विशाल थेवेले गरेका हुन् । विभिन्न श्रोत, आन्तरिक श्रोतबाट नगरपालिकाको प्रशासनिक भवनमा ८ करोड २६ लाख २० हजार, खुल्ला व्यायामशालामा १० लाख र बन्द निषेधित प्रतिमाको फाउण्डेशनसहित १२ लाख ३१ हजार रुपैयाँ खर्च भएको बताइएको छ ।

नगरपालिकाको प्रशासनिक भवन उद्घाटन कार्यक्रममा जग्गादाताहरुको तर्फबाट लक्ष्मीप्रसाद ओली, राप्रपा कनकाई नगर सचिव भूपेन्द्र दाहाल, जनता समाजवादी पार्टीका नगर अध्यक्ष रत्नकुमार श्रेष्ठ, विवेकशील साझा पार्टीका कनकाई नगर अध्यक्ष भीम अधिकारीलगायतले आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन नगरका प्रवक्ता गोविन्द पौडेलले गरेका थिए ।


## बिमालेख हरायो

झापा बजारदेखि सुरुङ्गा आउने क्रममा यही मिति २०७८/११/१५ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- हरिप्रसाद राजवंशी
**ठेगाना**:- झापा-२ कुवाडी, झापा
**पोलेसी नं.**:- २०२००८०९०
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८१५९८८४००

## घर भाडामा

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, व्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ ।

**सम्पर्कः** ९८०७९१०२२२, ९८५२६६०३६०

## रेस्टुरेण्ट तु-बिक्रीमा

बिर्तामोडस्थित सिटी सेन्टरको अगाडि भागमा रहेको चालू अवस्थाको रेस्टुरेण्ट तु-बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क :** ९८०७९१४७५९

## कपडा पसल बिक्रीमा

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालु अवस्थामा रहेको फेन्सी कपडा पसल तु-बिक्रीमा छ ।

**मो.** ९८४२६९५७८८, ९८२६९३०६०५




## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
वरिष्ठ छाला, सौन्दर्य तथा यौन रोग विशेषज्ञ
**आज (विहीवार) १० बजे आउँदै हुनुहुन्छ ।**
छाला सम्बन्धी कुनै समस्या भए सम्पर्क गर्नुहोला ।

**जीवनरक्षा पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**
जुनतारा फार्मेसी, भद्रपुर रोड (बिर्तामोड)
फोन नं. ०२३-५३१२४२, ९८१७०९४६०१

## आगलागीबाट सावधानी अपनाऔं

**निम्न कारणबाट आगलागी हुनसक्छ,**


- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्ज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

**त्यसैले सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सटर भाडामा

झापाको धुलाबारी चोकैमा नयाँ बन्दै गरेको आधुनिक सपिङ्ग कम्प्लेक्समा व्यावसायिक सटरहरु धमाधम बुकिङ्ग खुल्ला गरिएको छ । इच्छुकले सम्पर्क गर्नुहोला ।



सम्पर्क : ९८५११ ५८५८१, ९८१४३२१२५२, ९८५१०४८४३२


## प्रेस विज्ञप्ति

साबिक पृथ्वीनगर गाविस- ५ हाल भद्रपुर नगरपालिका-२ सगरमाथा चोक निवासी (म) विजयकुमार केरुङ जनता समाजवादी पार्टी (जसपा)बाट अलग भई स्वतन्त्र बस्ने निर्णय लिएको छु ।

वि.सं. २०७० सालमा जसपामा सक्रिय कार्यकर्ताको रुपमा आबद्ध भई पार्टीले झापा क्षेत्र नम्बर- ३ को क्षेत्रीय संयोजक हुँदै प्रदेश नम्बर १ को प्रदेश सदस्य जस्तो गरिमामय पदमा रहेर जिम्मेवारीपूर्वक काम गर्ने अवसर प्रदान गरेको थियो ।

पार्टीकै तर्फबाट २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा झापा क्षेत्र नम्बर-३ बाट उम्मेदवारी दिएको अवगत गराउँदै पछिल्लो समयमा आफ्नै घरायशी र व्यवसायिक व्यस्तताका कारण पार्टीमा समय दिन नसकिरहेकोले आजकै मितिदेखि पार्टीबाट अलग भई स्वतन्त्र नागरिक भएर बस्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउन चाहन्छु ।

विगत ८ वर्षको लामो अन्तरालमा जसपामा रहँदा पार्टीका साथी, सहयोगी, शुभचिन्तकबाट प्राप्त सहयोग, सद्भाव र स्नेहप्रति हृदयदेखि आभारी छु । पार्टीमा रहेका बेला कार्यकर्तादेखि नेतासम्मले मप्रति देखाएको जिम्मेवारी र सद्भाव कहिले भुल्ने छुइनँ । अबको मेरो यात्रा व्यावसायिक र सामाजिक कार्यमा अग्रसर रहने सबैमा जानकारी गराउँदछु ।

**विजयकुमार केरुङ**
भद्रपुर- २ (झापा)
मिति २०७८-१२-२३


## बोलपत्र आह्वानको सूचना

*मिति :२०७८/१२/२४*

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४, झापाको अर्जुनधारा नगरपालिका वडा नं. २ बेलटारमा भएको जग्गामा सोही स्थानमा रहेको संस्थाको मिललाई स्तरोन्नति गर्नका लागि भवन निर्माण गर्नुपर्ने भएकोले देहाय अनुसारको सिलबन्दी बोलपत्र सम्बन्धित कम्पनी वा व्यक्तिमा आह्वान गरिन्छ ।

**तपशिल :**

१. अफिस कोठा १४/१२.५ फिट
२. मिलको भवन ३९/२४ फिट
३. मिलका लागि चट्टल ४२/३० फिट
४. ट्वाइलेट बाथरुम ८/९ फिट
५. स्टाफ कोठा १०/१० फिट
६. चार वटा रडको १२ वटा पिलर,
७. ५ इञ्चे वाल
८. सेफ्टी ट्यांकी १०/१०, ६ फिट गहिरो
९. सबै वालको गहिराई ३ फिट, कुर्सी लेभल ३ फिट, ९ फिट वाल

**पेश गर्नुपर्ने कागजातहरु**

१. निर्माण कम्पनी/ व्यक्ति कार्यसम्पादन अनुमति प्रमाणपत्र प्रतिलिपि

शिलबन्दी बोलपत्र सूचना प्रकाशित मितिको ७ दिनभित्रमा संस्थाको प्रधान कार्यालयमा बुझाउनुपर्ने छ ।

**कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, झापा
सम्पर्क नं. : ०२३-५३१५२७/५३४३८१

## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, धुलावारी झापा**

| क्र.सं. | कर्जा ग्राहकको नाम | सम्पर्क/ठेगाना | बाजे/ससुराको नाम | पिता/पतिको नाम | उद्देश्य | भाखा नाघेको सावा रकम | २०७८।१२।१६ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने | धितो मञ्जुरिनामा दिने/ व्यक्तिगत जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एलिस सप्लायर्स प्रो.मणीकुमार राई | बुद्धशान्ति-०२, झापा | | भानुभक्त राई | उद्योग कर्जा | ६५०,२२८।८ | ४२५,०६३।० | १,०७५,२९१।७३ | मुना राई | |
| | | | | | हायर पर्चेज | २१४,०३६।२ | ४५,७८९।५ | २५९,८२५।७१ | | |
| | | | | | बैंक जमानत | १,७०२,५७१।४ | ५३,१७६।२ | १,७५५,७४७।५८ | | |
| २ | भुपेन्द्र सुनुवार | बुद्धशान्ति-०२, झापा | बलभद्र सुनुवार | जित ब. सुनुवार | हायर पर्चेज | १३०,८१३।७ | ११,६५९।५ | १४२,४७३।१८ | टेकबहादुर सुनुवार | |
| ३ | ओम नम शिवाय काष्ठ फर्निचर उद्योग प्रो.मोती शर्मा | बुद्धशान्ति-०१, झापा | | ओतिष लाल शर्मा | उद्योग कर्जा | ८३,५३१।५ | ८,८२९।० | ९२,३६०।५२ | रामलोचन शर्मा, गिता शर्मा, शंकर शर्मा | |
| ४ | होम चन्द्र घिमिरे | बुद्धशान्ति-०९, झापा | बलभद्र घिमिरे | रामचन्द्र घिमिरे | घरायसी कर्जा | १,८९०,०००।० | ७१,२०८।० | १,९६१,२०८।०० | मनकुमारी घिमिरे, अइन्द्र कुमार घिमिरे | |
| | | | | | सरल कृषि कर्जा | २,०००,०००।० | ८८,१६०।० | २,०८८,१६०।०० | | |
| ५ | सारथी राजवंशी | मे.न.पा.-१३, झापा | पतिः खड्गदेव राजवंशी | पिताः मैलेन राजवंशी | घरायसी कर्जा | ३००,०००।० | २०,५७७।० | ३२०,५७७।०० | | |
| | जम्मा | | | | | ६,९७१,१८१।६ | ७२४,४६२।२ | ७,६९५,६४३।७ | | |

**श्री कृषि विकास बैंक लि.**
१ नं. प्रदेश कार्यालय बिराटनगर


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# स्वस्थ प्रतिष्पर्धा प्रजातन्त्रको आधार

**यसबेला नेपालका राजनीतिक दलहरुलाई निर्वाचनको चटारो छ । प्रजातन्त्रको सौन्दर्य भनिने निर्वाचनलाई स्वच्छ, स्वस्थ र पारदर्शी बनाउन सकिएन भने निर्वाचनको सौन्दर्य कायम राख्न र जोगाउन सकिँदैन । यसका लागि निर्वाचन आयोगको विशेष भूमिका रहन्छ । त्यही भूमिका निर्वाह गर्ने क्रममा आयोगले आचारसंहिता निर्माण गरेर दलहरुलाई त्यसप्रति प्रतिबद्ध गराउँछ । हामीकहाँ स्थानीय तहको निर्वाचन आउन अब ३६ दिन बाँकी छ । यही समय कतिपय वहालवाला जनप्रतिनिधिहरुले आफूलाई पुन: उम्मेदवार बनाउन दवाव सृजना गर्न थालिसकेका छन् भने थोरैले मात्र उही पदमा नदोहोरिने स्पष्ट पारेका छन् । यस्तोमा दोहोऱ्याउने मनस्थितिमा रहेका जनप्रतिनिधिहरुले साविकमा उपयोग गरिरहेको राज्यको सम्पत्ति र पदीय अधिकारको दुरुपयोग गर्ने सम्भावना धेरै छ ।**

**अधिकारको दुरुपयोग गर्नु भनेको भ्रष्टाचार हो । भ्रष्टाचारमुक्त सुशासनयुक्त राज्य प्रशासनको प्रत्याभूति गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था संविधानले नै गरेको छ । आमनागरिक स्वयम् बिनावर्दीका सिपाही हुन् अत: यस्तो बेला नागरिक तथा अख्तियार लगायतका सवैधानिक अङ्गहरु पनि चनाखो हुनु पर्दछ । निर्वाचन नजिक आउँदै गर्दा सरकारमा सामेल प्रधानमन्त्रीदेखि मन्त्रीहरुसम्म राज्यकोषको चरम दुरुपयोग गरी उद्घाटन, शिलान्यास लगायतका कार्यक्रममा पुग्ने क्रम बढेको छ । त्यस्तै प्रदेश तथा स्थानीय तहका मुख्यमन्त्री, मन्त्री, सांसद तथा स्थानीय तहका जनप्रतिनिधिसम्म राज्यकोषको दुरुपयोग गरी औपचारिक कार्यक्रममा सामेल हुँदै मतदातालाई आकर्षित गर्ने रणनीतिमा लागेका छन् ।**

**राज्यस्रोत कुनै पनि अवस्थामा दुरुपयोग गरिनुहुन्न । तर, हामीकहाँ संघको रोग स्थानीय तहसम्म सर्न थालेको आभाष हुन थालेको छ । पदमा बहाली रहेकै अवस्थामा हुने निर्वाचनमा पदको प्रभाव स्वत: पर्छ नै सँगै सरकारी सम्पत्ति र कोषको दुरुपयोग गरिँदा निर्वाचन नतिजा प्रभावित हुनसक्छ । झापा जिल्लामै स्थानीय तहका जनप्रतिनिधिहरुले पार्टीको काममा सरकारी स्रोत, साधन र सुविधाको दुरुपयोग गरेको सूचना आउन थालेको छ । त्यसो त राजनीतिमा नीति, आदर्श, मूल्य र मान्यता गौण हुन्छ शायद त्यही भएर 'कहीं नभएको जात्रा....' हुने गरेको छ । होइन भने पदका आकांक्षीले सरकारी सम्पत्ति फिर्ता गरेर स्वस्थ प्रतिष्पर्धामा आउनुपर्छ । सरकारी सम्पत्ति कुनै दल विशेषको हुँदैन, त्यसैले स्वच्छ निर्वाचन लड्न स्वस्थ र पारदर्शी प्रतिष्पर्धा गर्नुपर्छ । होइन भने 'लाठी हुनेको भैंसी' उखान चरितार्थ हुन पुग्छ जो संविधानको भावना होइन र प्रजातन्त्रको सौन्दर्यभित्र पनि पर्दैन ।**

# स्थानीय चुनाव
# युवा पुस्ताको विवेक र मूल्याङ्कन



**उदय मैनाली**

आजको समय सूचना प्रविधि र विश्वव्यापीकरणको युग हो । जहाँ संसारका हरेका कुनाका घटना र समाचार क्षणभरमा जनमानसमा पुग्छन् । सामाजिक, आर्थिक र राजनीतिक रुपमा प्रबुद्ध वर्गको बाहुल्यता भएको यस समयमा जनताको नेतृत्व गर्छु भन्ने व्यक्तिको पारिवारिक पृष्ठभूमि, आर्थिक पारदर्शिता र नैतिक चरित्र कस्तो हुनुपर्दछ भन्ने सबैले बुझेका र जानेका छन् । यस परिवेशमा आसन्न स्थानीय निर्वाचनमा उम्मेदवारीको होडबाजीमा उत्रिएका व्यक्तिहरुले आफ्नो स्वः मूल्याङ्कन नगरी यो अभियान जुट्नु प्रायः निरर्थक नै हुन जान्छ । सूचना प्रविधिबाट प्राप्त सबै समाचार र विश्लेषणको विश्वसनियता कति भन्ने प्रश्न रहेता पनि आजको पुस्ता यही माध्यमबाट प्राप्त सूचनालाई नै विश्लेषण र मूल्याङ्कनको आधार मान्ने कुरामा दुईमत छैन ।

यही नेपाली समाज हो जो समाजका शिक्षित मानिने शिक्षक, अग्रज, गुरु, पुरोहितको विचार र विश्लेषणलाई आधार मानेर आफ्नो धारणा बनाउने तर आज त्यो अवस्था छैन । आजका पुस्ता स्वयम् बाबु-आमाले भनेको कुरालाई पनि नपत्याउने र आफ्नो धारणा स्वयम्  सिद्ध गर्न अध्ययन, अनुसन्धानको सहारा लिने अवस्थामा छन् । यसको मतलब अबको समाज फगत तर्कभन्दा पनि प्रमाणित विषयमा मात्र विश्वास र भरोसा गर्ने भइसकेको छ । यो अवस्थामा युवा र प्रविधिमैत्री पुस्तालाई बहकाउन सकिन्छ भनेर आश गर्नु व्यर्थ हुन जान्छ ।

देश स्थानीय तहको निर्वाचन मार्फत आफ्नो र समाजको भाग्य र भविष्यको छनौट गर्न चुनावी माहोलमा होमिइसकेको छ । विभिन्न राजनीतिक दल र तथा स्वतन्त्र विचारधाराका नेतृत्वहरु आ-आफ्नो एजेण्डा र विचार बोकेर गाउँ पसिसकेको अवस्था छ । तर, जनताले खोजेको जस्तो उम्मेदवार छन् त ? भन्ने प्रश्न पनि उठेको छ । संघीयता र गणतन्त्र नेपालको संस्थागत विकासको साथै विकास र समृद्धीको लागि जनताको सेवक बनेर जनता माझ जाने उम्मेदवार र राजनीतिक विरासतको व्याजमा चुनावको मैदानमा उत्रेका उम्मेदवारलाई अबको पुस्ताले राम्रोसँग चिन्छ भन्ने लाग्छ । यसरी हेर्दा आसन्न चुनावको नतिजालाई विगतको चुनावी नतिजाको चस्माले हेर्न मिल्ने अवस्था पक्कै पनि छैन । नयाँ र फ्रेस उम्मेदवार नैतिक, सामाजिक आचरण सँगसँगै दोहोरिन चाहने उम्मेदवारको अग्नि परीक्षाको समय नजिकिँदै छ ।



आजको युवा प्रखररुपमा अघि बढेको शक्ति हो । यदि आजको नेतृत्वले यो व्यवस्थाको मूल मर्मलाई आत्मसाथ गर्न सकेन भने आउने पुस्ताले हस्तक्षेप पक्कै गर्नेछ र यो शासन प्रणाली र संगठनको सदुपयोग गर्नेछ । यही नेतृत्वले यसको सदुपयोग गर्ने हो आफूलाई शासक  होइन सेवक बनेर अघि बढ्नु आवश्यक छ ।

विगत पाँच वर्षको संघीयताको कार्यान्वयनमा व्यापक चुनौति र अवसरहरु थिए । ती चुनौतिलाई अवसरमा बदल्दै कतिपय जनप्रतिनिधिहरु अब्बल पनि सावित भएका छन् । तर, त्यसको मात्रा थोरै छ । विगत पाँच वर्षको अनुभवलाई हेर्ने हो भने तीन तहको सरकार त बन्यो । तर, यसलाई मूर्तरूप दिने सङ्गठनहरू बनेनन् । अहिले पनि सङ्घ, प्रदेश र स्थानीय अधिकारलाई सिमाङ्कन र विस्तार गरिएको छैन । प्रदेश र स्थानीय तहमा जाने काम र अधिकारहरू सङ्घले छोड्न मानेको छैन । बजेट नीति तथा कार्यक्रममा एकरूपता छैन । सङ्घमा स्रोत सङ्गठन र अधिकारको मोह घटेको देखिँदैन ।  सङ्घीयतालाई दरो बनाउन सङ्घले अन्तर प्रदेश र अन्तर निकाय योजनाहरू, प्रदेशले अन्तर प्रदेश र अन्तर स्थानीय तह योजनाहरू ल्याउनै पर्छ । सङ्घीयताबाट धेरै अपेक्षा राख्नु स्वभाविक हो ।

किनभने एकात्मक राज्यव्यवस्थाका थुप्रै अवगुण हामीले देख्यौं । भोग्यौं । यिनै अवगुण कम गर्न र समृद्ध नेपालको निर्माण गर्न हामीले सङ्घीयता ल्याएका हौं । सङ्घीयतापछि सिंहदरवार गाउँमा पुग्ने अपेक्षा राम्रो थियो र छ । सङ्घीय संरचनाको लोकतान्त्रिक संसदीय शासन प्रणालीका पाँच वर्षको अनुभव हामीले पाएका छौं । राम्रा र नराम्रा दुबै पक्ष छन् । तर, अहिले सङ्घीयताको विषयमा नै प्रश्न उठ्न थालेको छ । विकेन्द्रीकरणको एउटा बृहत् अवधारणा सङ्घीयता हो । सङ्घीयताले स्रोत, शक्ति,अधिकार र उत्तरदायित्वलाई संविधानमा नै राज्यका तहमा विभाजन  गर्दछ ।  नेपालको संविधानमा अनुसूचीबाट अधिकारको सुनिश्चितता सङ्घ, प्रदेश र स्थानीय तहमा गरिएको छ । सङ्घीयताको विषयमा संविधानको भावना प्रस्ट छ । तर, के हामीले सङ्घीयताको मर्म र संविधानले दिएको अपेक्षा पूरा गर्दैछौं ? सङ्घीयताको शुरुवाती अवस्था मै यो विषय चुनौतिको रूपमा अगाडि आएका छन् ।

जनताको ठूलो आशा र भरोसाको रुपमा प्राप्त यस व्यवस्थाको कार्यान्वयन पक्ष अति नै फितलो रहन पुग्यो । जसको फलस्वरुप कतिपय यस व्यवस्थाको विरुद्ध रहेका शक्तिहरुले टाउको उठाउने मौका पाए । गणतन्त्रको ठेक्का लिएका राजनीतिक दलहरुमा सत्ता र शक्ति केन्द्रित राजनीति हुन थालेपछि कतिपयले यस व्यवस्थाको औचित्य माथि प्रश्न चिन्ह समेत खडा गरेका छन् । दलहरुको भित्रको स्वार्थकेन्द्रित विभाजन र आरोप-प्रत्यारोपले गणतन्त्र धरापमा परेको छ । त्यसमाथि गत वर्षदेखि विश्वव्यापी महामारीको रुपमा आएको कोभिड-१९ कोरोना भाइरसले त देशको अर्थतन्त्र र सामाजिक, राजनीतिक विकासमा गहिरो असर पारेको विदितै छ । यस्तो अवस्थामा देखापरेको राजनीतिक खिचातानीले कलिलो गणतन्त्र अझै खतरामा परेको छ ।

अब पनि स्थानीय तहका प्रतिनिधि इमान्दार, सक्षम, विकासप्रेमी र जिम्मेवार हुन सकेनन्, सामुदायिक हितभन्दा दलगत वा व्यक्तिगत हितमा लागे भने र यसमा जनता आफै समेत सचेत हुन सकेनन् भने अब जोगाउने कोही हुने छैनन् । प्राप्त अवसरहरू गुम्ने छन्, समग्र व्यवस्था नै असफल हुनेछ । सबैका हात हातमा  मोबाइल छ । फेसबुक प्रबल छ । सामाजिक सञ्जालहरूले सूचनालाई चाँडै सम्प्रेषण गरेका छन् । राजनीति, प्रशासनिक, आर्थिक, सामाजिक सबै विषयको राम्रा र नराम्रा पक्ष तुरुन्त सञ्जालमा आउँछन् र जनताहरूले आफ्नो तरिकाले मूल्याङ्कन गर्दै छन् । प्रत्यक्ष-अप्रत्यक्ष रूपमा नेपालको सङ्घीयताको मूल्याङ्कन भइराखेको छ । राजनीति प्रशासनिक सबै क्षेत्रका नेतृत्वको मूल्याङ्कन हुँदैछ ।

# सुटकेशबाट मानव तस्करी !

**झापा, चैत २३।** वास्तवमा यो सुन्दै अचम्म लाग्न सक्छ, सुटकेशबाट पनि मानव बेचबिखन हुन्छ । तर, यो साँचो हो । अफ्रिकाको उत्तरी समुद्री क्षेत्रमा रहेको स्पेनको स्वायत्त शहर सेउटा, जहाँ सुटकेशबाट मानव बेचबिखन हुने गरेको छ । सेउटा शहर मोरक्कोको सीमासँग जोडिएको छ । यो भू-मध्य सागर र एट्लान्टिक महासागरको बीचको सीमामा अवस्थित छ ।

अफ्रिकामा स्पेनले स्वायत्तता जमाएको धेरै क्षेत्र मध्ये यो पनि पर्छ । मेलिला र क्यानरी टापुसँगै स्थायी रूपमा मानव बसोबास गर्ने ठाउँ भएको हुनाले सेउटाको छुट्टै महत्व छ । सन् १९९५ मा यसको छुट्टै स्वायत्तता सम्बन्धी विधान पारित भएको थियो । त्यस अघिसम्म यो काडिज प्रान्तको एउटा नियमित नगरपालिका थियो । स्पेनसँग सरोकार राख्ने कारण यहाँ अफ्रिकाबाट लुकेर आउने मानिसहरूको संख्या ठूलो छ ।

अफ्रिकी देश गाबोनका १९ वर्षीय एक युवालाई सुटकेशमा राखेर एउटी महिलाले मोरक्कोबाट सेउटा प्रवेश गराउँदै थिइन् । तर, उनी पक्राउ परिन् । उनले ट्रलीमा राखेर सुटकेश ओसार-पोसार गर्दा गर्दै पक्राउ परेकी हुन् । त्यस्तै, घटना ८ मे २०१५ मा पनि भएको थियो । जब अफ्रिकाबाट सेउटा शहर प्रवेश गर्न लागेका नाबालकलाई सुटकेशको स्क्यानिङ गर्ने क्रममा 'कस्टम विभाग' ले पत्ता लगायो । पदाधिकारीले तुरुन्त ती नाबालकलाई सेउटा प्रवेश गर्नबाट रोकेको थियो । यो घटनामा स्पेनको अदालतले नाबालकको पितालाई तुरुन्त पक्राउ गर्न आदेश दिएको थियो ।


नाबालक बच्चाका पिता सेउटालाई प्रमुख बनाउँदै आफ्नो छोरालाई युरोपका अन्य देश प्रवेश गराउन चाहन्थे । पछिल्लो समय अफ्रिकी देशमा थुप्रै मानवीय संकट पैदा भएका छन् । त्यसैले यो क्षेत्र अहिले मानव बेचबिखनको प्रमुख स्थल बन्दै गएको अन्तर्राष्ट्रिय निकायको भनाई छ ।

अफ्रिकी जनता सुखद् जीवनको आशामा जोखिम मोलेर युरोप प्रवेश गर्न यस्ता उपायहरू अपनाउने गरेका छन् । अर्को एक रिपोर्ट अनुसार मानव तस्करीको केन्द्रविन्दु चीन पनि बन्दै गइरहेको छ । चीनको स्वायत्त देश हङकङमा केही वर्षयता भारतीय र पाकिस्तानीहरूको तस्करी बढ्दै गइरहेको छ ।

# विन्ध्यावासिनी मन्दिरमा राम चरित्र मानस राम कथा

**झापा, चैत २३।** अर्जुनधारा-४ भाङबारी स्थित विन्ध्याबासिनी सिंहदेवी मन्दिरमा रामचरित्र मानस रामकथाको उद्घाटन भएको छ ।

रामनवमी तथा नयाँ वर्षको अवसरमा हुन गइरहेको नवाह यज्ञ सप्त सति चण्डी पाठ पाँचौं धार्मिक अनुष्ठान शुरु भएको हो । उक्त महायज्ञको उद्घाटन समारोहमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मनोज जोशीको अध्यक्षता तथा बी. एण्ड सी. अस्पतालका सञ्चालक दुर्गा प्रसाईको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।



कार्यक्रममा अर्जुनधारा माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एकदेव खनाल, त्रिपुरेश्वर शिवालय मन्दिरका अध्यक्ष भोला बराल, जग्गादाता चन्दा जोशी, माता मिना जोशी, सामुहिक उद्धार समितिका अध्यक्ष जर्नादन उप्रती, दुर्गा शक्ति समाजका अध्यक्ष अमर कटुवाल, ब्राइट बिगिनिङ एकेडेमी सञ्चालक जीना ओली, सिंहदेवी मन्दिरका अध्यक्ष राजन अधिकारी, पूर्व अध्यक्ष नेत्रप्रसाद गुरागाई, अर्जुनधारा नगरपालिका वडा नं. ८ का वडा सदस्य सुशिला सुबेदी लगायतको सहभागिता रहेको थियो ।

अर्जुनधारा जलेश्वरधामका बटुकहरुबाट स्वस्तिक वाचन तथा ब्राइट बिगिनिङ एकेडेमीका विद्यार्थीहरु तथा सम्पूर्ण भक्तजनहरुको सहभागितामा कलश यात्रागरिएको थियो । प्रमुख वाचक आशुतोष खनाल र उपवाचक किरण चापागाईबाट कथा वाचन गरी उद्घाटन गरिएको थियो ।

कार्यक्रममा गायक दुर्गा ओलीको समूहबाट प्रत्येक साँझ भजन-किर्तन गरिने आयोजक समितिले जनाएको छ । विन्ध्यावासिनी मन्दिर परिसरमा रहेको योगमायाको मन्दिरमा प्रसाईंले निर्माण गरेको योगमायाको मूर्ति निजी निवासबाट विन्ध्यावासिनी मन्दिरसम्म ऱ्याली र पञ्चेबाजासहित चैत २५ गते अनावरण गरिने समितिले जनाएको छ ।

भारतका सिक्किम निवासी भौतिक तथा यातायात मन्त्री सन्दिप खरेलबाट चार लाख ५० हजार रुपैयाँ प्रदान गरी गल्लाको उद्घाटन समेत गरिएको थियो । प्रमुख अतिथिले मन्दिरमा मूर्ति बनाउनु, विद्यालयमा भवन बनाउनु र आवश्यक परेको ठाउँमा काम गर्न आग्रह गरेका थिए । कार्यक्रमको सञ्चालन समितिका सचिव प्रेम कार्कीले गरेका थिए ।

# नेपाली विद्यार्थीलाई छात्रवृत्ति

**झापा, चैत २३।** फ्लोरिडा एट्लान्टिक युनिभर्सिटीको छात्रवृत्तिका लागि आवेदन खुल्ला गरिएको छ ।

यसमा एफ १ र जे १ भिसामा अध्ययन गर्ने नेपाली विद्यार्थीहरुले पनि आवेदन दिन पाउने छन् । युनिभर्सिटीले स्प्रिङ्ग र फल सेसनको लागि यो स्कलरसीप प्रदान गर्न लागेको हो । यसमा स्टडी ग्रुपमार्फत यस युनिभर्सिटीमा भर्ना गरेका विद्यार्थीहरुले पनि आवेदन दिन सक्ने बताइएको छ ।

स्कलरसीप पाउनको लागि विद्यार्थीहरुले कक्षा शुरु हुने पहिलो दिन अगाडि नै डिग्री सिकिङ स्टुडेन्टको रुपमा आवेदन दिएर हाई स्कूल डिप्लोमा अथवा सो सरह प्राप्त गर्नुपर्ने हुन्छ । यस छात्रवृत्तिको कूल रकम छ हजार डलर प्रति वर्ष रहेको छ र (अधिकतम् २४ हजार डलर र ट्रान्सफर अप्लिकान्टहरुको लागि अधिकतम् १२ हजार डलर) रहेको छ ।

विद्यार्थी वा स्कलर भिसामा भएको नयाँ विद्यार्थीले आठ सेमेस्टरको लागि प्रति वर्ष दुई हजार डलर पाउने छन् । फ्लोरिडा एट्लान्टिक युनिभर्सिटीमा भर्ना हुनको लागि उत्कृष्ट शैक्षिक पृष्ठभूमि, ३.० जिपिए र अंग्रेजीमा दक्खल आवश्यक पर्छ । साथै सामुदायिक सेवामा आवद्ध भएको प्रमाण वा हाइ स्कूलको कार्यक्रमहरुमा संलग्न भएको प्रमाण पनि आवश्यक पर्ने बताइएको छ ।

**द देपान इन्टरनेशनल स्कलरसीप**

विद्यार्थी वा स्कोलर भिसामा गएको विद्यार्थीले प्रति सेमेस्टर दुई हजार डलर चार सेमेस्टरको लागि प्राप्त गर्ने छन् । यसको लागि योग्य हुन ३.० जिपिए स्कोर, अंग्रेजीमा दक्खल र सामुदायिक सेवामा आवद्ध भएको प्रमाण आवश्यक पर्छ ।

स्टडी ग्रुपका क्षेत्रीय निर्देशक श्रीनीबन्दाराले नेपाली विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिने उद्देश्यले अग्रणी शिक्षा प्रदायकको रुपमा युके, युरोप, नर्थ अमेरिका, अस्ट्रेलिया र न्युजिल्यान्डका विश्व-विद्यालयहरुसँग सहकार्य गर्दै आएको बताए । नेपाली विद्यार्थीलाई यो स्कलरसीपले आफ्नो पढाई  अगाडि बढाउन र राम्रो काम भेटाउन धेरै सहयोग गर्छ । विद्यार्थीहरुलाई सहयोग गर्ने कुरामा फ्लोरिडा एट्लान्टिक युनिभर्सिटीले आफ्नो छुट्टै परिचय बनाएको बताइएको छ ।

फ्लोरिडा एट्लान्टिक युनिभर्सिटी विद्यार्थी केन्द्रित पब्लिक रिसर्च युनिभर्सिटी हो । यस युनिभर्सिटीमा अन्डर ग्राजुएट र पोस्ट ग्राजुएट गरेर एक सय ७० भन्दा बढी डिग्री कार्यक्रमहरु उपलब्ध छन् । स्टडी ग्रुपले यस विश्वविद्यालयसँग मिलेर नेपाली विद्यार्थीको शैक्षिक र पेशागत लक्ष्य हासिल गर्न सहयोग गर्ने जनाइएको छ ।

# मोहनमायामा कम्प्युटर तालिम



**बिर्तामोड, चैत २३।** बिर्तामोड-२ स्थित मोहनमाया माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कम्प्युटर हाडवेयर टेक्निसियन सञ्चालन शुरु भएको छ ।

प्रदेश नं. १ कार्यालयको आर्थिक सहयोगमा  नि:शुल्क सीपमूलक तालिम तह-१ (ती सय ९० घण्टा) जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन तालिम सञ्चालन भइरहेको छ ।

बिर्तामोड नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारीको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण राजवंशीको अध्यक्षता उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । प्रमुख अतिथि भण्डारीले कम्प्युटर शिक्षा आजको अपरिहार्य आवश्यकता भएको भन्दै समयसीमाभित्र पाठ्यक्रमले तोकेको सम्पूर्ण सीप तथा तालिम उत्सुकताका साथ सिक्न अनुरोध गरे ।

वि.व्य.स. सदस्य शिक्षक प्रतिनिधि अनिता कार्की बस्नेतले स्वागत गरेको कार्यक्रममा औचित्यमाथि प्रकाश विद्यालयका प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले पारेका थिए । विद्यालयका सूचना अधिकारी समेत रहेका शिक्षक डम्बरू बल्लभ ओझाले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# पाथीभरामा भण्डरा हुने

☐ गणेश अर्याल

**इलाम, चैत २३।** इलामको पाथीभरा मन्दिरमा भण्डरा हुने भएको छ ।

चैत्र दशैंको सन्दर्भ पारेर झापाका अग्रवाल व्यापारीहरुको समूह पाथीभरा भण्डरा समिति बिर्तामोडले प्रसाद वितरण कार्यक्रम आयोजना गर्न लागेको हो ।

हरेक बर्ष असोज शुक्ल पक्ष र चैत शुक्ल पक्षमा यो भण्डरा आयोजना हुँदै आएको भण्डरा यस बर्ष चैत २६ गते शनिबार मन्दिर परिसरमा आयोजक समितिका सदस्य सन्तोष अग्रवालले बताए ।

व्यापारी समूहले आम्दानीको केही हिस्सा संकलन गरेर सामाजिक क्षेत्रमा लगाउने गरेको छ । विगत सात बर्ष अघिबाट लगातार सञ्चालन हुँदै आएको यो कार्यक्रम कोरोनाको कारण गत बर्ष भने सामान्य रुपमा प्रसाद मात्र वितरण गरेर आयोजना गरिएको सदस्य अग्रवालले बताए ।



आयोजकले यसअघि पाथीभरा मन्दिर भएको अग्लो डाँडामा शुद्ध पिउनेपानीको व्यवस्था मिलाएको थियो । सात बर्षको अवधिमा १४ पटक सञ्चालन भइसकेको र यसलाई निरन्तरता दिने आयोजक समितिका सदस्य अग्रवालले बताए ।

पाथीभरा मन्दिरमा पानी पुर्‍याउने कार्यको सिलसिलामा झापाका उद्योगी, व्यापारीहरुले सहयोग गरेका थिए । कुटिडाँडास्थित मार्से खोला मुहानबाट विद्युतीय मोटरको सहायतामा मन्दिर क्षेत्रमा पानी पुर्‍याइएको थियो । त्यस क्रममा पाथीभरा भण्डरा समूहले सहयोग गरेको पाथीभरा क्षेत्र विकास कोषका अध्यक्ष दौलतकुमार राईले बताए ।

# सुजुकीको नयाँ अफर

**झापा, चैत २२।** नेपालका लागि सुजुकी कारको आधिकारिक विक्रेता तथा सीजी होल्डिंग्ज्को अटोमोटिभडि भिजन सीजी मोटोकर्पले यस नयाँ बर्षका लागि आकर्षक ग्राहक योजना 'सुजुकी हेप्पी न्यू कार' सार्वजनिक गरेको छ ।

यो योजना अन्तर्गत ग्राहकले दुई लाख रुपैयाँसम्म बराबरको नगद छुट, एक लाख २५ हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस, एक वर्षको सवारी बीमा र स्क्र्याच कार्ड मार्फत ७५ हजारसम्म अतिरिक्त छुट पाउने कम्पनीले जनाएको छ ।

यो योजना नेपालभर रहेका सुजुकी गाडीका ३८ वटै सोरूमहरुमा लागू हुने बताइएको छ । सुजुकीका विभिन्न मोडेलहरुका कारहरु बमोजिम फरक-फरक हिसाबका छुटहरु लागू हुने बताइएको छ ।

सुजुकी ब्रान्डले एस्प्रेसो, वागेन आर्, सेलेरिओ, इग्निस्, स्विफ्ठ्, बलेनो, डिजाएर, सिआज्, ब्रेज्जा, एस्क्रस्, एर्टिगा, एक्सएलसिक्स्, इको, इको कार्गो र सुपर क्यारी गरी नेपालमा सबैभन्दा बढी गाडीका मोडेलहरु बिक्रीवितरण गर्दै आएको छ ।


## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी रु.२०००/– मा सफाई गरिने छ ।



सम्पर्क: ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०२६३४४

## कर्मचारी आवश्यकता

यस Great Future Company लाई नेपालको प्रमुख शहरहरुमा शाखा सञ्चालन र कार्यालय विस्तारको लागि नेपाली नागरिक (महिला, पुरुष) कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले आफ्नो वायोडाटासहित कार्यालयमा दरखास्त दिनुहोला ।

पदः **मर्चनडाइजर** संख्याः ८ जना (महिला/पुरुष)
तलबः १५१०० सम्म । योग्यताः +२ सो सरह

**ग्रेट फ्युचर कम्पनी**, बिर्तामोड-४, झापा (भद्रपुर स्टेण्ड छेउ)
PH: 9814397340, 9842447160, 9810553835
नोटः जीवन बिमा र सञ्चयकोष र बोनसको व्यवस्था रहेको छ ।


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कमलादेवी चुडाल | गरामनी–८ | २१ | ४९२५.०० | सकिलाल राजवंशी |
| कमलादेवी चुडाल | गरामनी–८ | २७ | १४१५.०० | वासु सतार |
| वृखोदेवी राजवंशी | गौरिगंज–१ | ५४० | १२४०.०० | कदु/कदुलाल राजवंशी |
| सहदेव गनगाई | खजुरगाछी–४ | १५० | ५०५.०० | गुदल/गुडल गन्गाई |
| पवित्रादेवी लम्साल | दमक–९ | १११३ | ०–१०–० | वुधराई मर्डि/वुधराई सतार |
| मनमाया ढकाल | दमक–९ | ९०१ | ०–१०–० | वुधराई मर्डि |
| लक्ष्मीदेवी भूजेल | जुरोपानी–८ | २९७ | ७४२०.०० | नुनिया राजवंशी |
| खिलराज भट्टराई | दमक–१ | ४४७३७ | ०–०–१० | हेन चाही/दिन चाही धिमाल |
| गणेशप्रसाद घिमिरे | चन्द्रगडी–३ | ११६१ | ०–१८–० | चोरविर राजवंशी |
| युवराज घिमिरे | चन्द्रगडी–३ | ११५९ | ०–१८–० | चोरविर राजवंशी |
| युवराज पोखरेल | वाहुनडागी–९ | ८६७ | ०–२–० | ठूलो दल बा./दल बा. राई |
| प्रेमप्रसाद आचार्य | गरामनी–९ | ११०४ | ०–५–० | मकर बहादुर |
| पदम माया लामिछाने | नकलवन्दा–९ | ५८१ | ०–०–१६८ | साहु धिमाल/हस्त बा. सारु मगर |
| पदम माया लामिछाने | नकलवन्दा–९ | ५८४ | ०–०२४६ | साहु धिमाल/हस्त बा. सारु मगर |
| पदम माया लामिछाने | नकलवन्दा–९ | २२९ | ९५७ | साहु धिमाल/हस्त बा. सारु मगर |
| पदम माया लामिछाने | नकलवन्दा–९ | ५८८ | ०१०८६ | साहु धिमाल/हस्त बा. सारु मगर |


## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
# झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

## नेपालीहरुको लागि भरपर्दो सेवा
# निशान्त मोटरसाइकल पार्टस् एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्टसहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्टस् एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।*

## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधैं उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बितमोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

# कतारमा वैदेशिक रोजगार | कम्पनी AL BATEEL SECURICOR

पुर्व स्वीकृत मिति 2022/03/23   चलानी नं. 60176372   L.T. No.: 259761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 7 | सम्बन्धित काममा दक्ष | 1500 | रु ५००७८ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 4 | | | 2200 | रु ७३४४७ | | | | | | | |
| 3. | Cashier | 2 | | | 1300 | रु ४३४०० | | | | | | | |
| 4. | Supervisor | 10 | 2 | | 3000 | रु १००१५५ | | | | | | | |

# कतारमा वैदेशिक रोजगार | कम्पनी AMWAJ CATERING SERVICE

पुर्व स्वीकृत मिति 2022/03/29   चलानी नं. 60154662   L.T. No.: 236235

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/ Waitress | 30 | 100 | सम्बन्धित काममा दक्ष | 1450 | ४८५७३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 60 | | | 2200 | ७३६९७ | | | | | | | |
| 3. | Cooks | 50 | | | 1500 | ५०२४८ | | | | | | | |
| 4. | General Supervisior | 25 | | | 3000 | १००४९५ | | | | | | | |
| 5. | Forman | 35 | | | 2500 | ८३७४६ | | | | | | | |

फाइनल अर्न्तवाता यही मिति २०७८ साल चैत २७ गते आइतबार यसै ओभरसिजको साखा कार्यालय विर्तामोडमा हुने छ

नोटः मलेशियाको प्रतिष्ठित कम्पनीहरूबाट न्यूनतम २३००/– रिङ्गेट सेलरीको सेकयूरिटि गार्डहरु पनि माग भई आएकाले इच्छुकहरुले तुरुन्त सर्म्पक गर्नुहोला । साथै २६ गते शनिबार पनि कार्यालय खुल्ने जान्कारी गराउदछौं ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
साखा कार्यालयः विर्तामोड-५, झापा (मेगा कम्प्लेक्स माथीलो तला)
शाखा प्रमुख : शिव कोइराला ( फोन नं. ९८५२६७४२३१ )
मार्केटिङ्ग मेनजर : चन्द्र मावो (फोन नं. ९८५२६८२०२९ )
अफिस व्यावस्थापक : नारायण कोइराला ( ९८५२६८१०८८ )
अफिस सर्म्पकः ०२३-५९०१२३
Gmail: feservicebtm@gmail.com

# AL GHAZAL दुबईमा नेपाली ट्याक्सी ट्राइभर तथा बाइक राइडरहरूलाई रोजगार

कम्पनी : BAKMART CO.
LT No. 212236   चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ । उमेरको हकमा १८ वर्षदेखि ३८ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला ।

कम्पनी : AL GHAZAL TRANSPORT CO.

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Taxy Driver | 80 | 1500/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Bike Rider | 80 | 1500/-AED | | | |

फाइनल अन्तरवार्ता चैत २५ गते शुक्रबार बिर्तामोडमा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (**फोन सम्पर्क :** ९८०८०७४५९८, ९८०३०७४४३९, ९८५२६७४४३९)

## तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं ।

# रोमानीयामा रोजगारी

**1. MULTI PROFESSIONAL SOLUTIONS SRL**

Re: Approval Date: 2021/09/12 | चलानी नं.: ६०१५१३२० | LOT No. 232693 | शहर: Romania


| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | | 550 | 66600 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Warehouse Helper | 20 | | 550 | 66600 | | | | | | | | |
| 3 | House Keeping | 30 | | 550 | 66600 | | | | | | | | |
| 4 | Cleaner | 30 | | 550 | 66600 | | | | | | | | |
| 5 | Labour | 30 | | 550 | 66600 | | | | | | | | |
| 4 | Satering Carpenter | 30 | | 550 | 66600 | | | | | | | | |

**अन्तरवार्ता मिति, स्थान र समय   विहान १0:00 बजेदेखि ५:00 बजेसम्म**
२०७८/१२/२५ गते   (2022/04/08) विर्तामोड, झापा

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगादाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/– कामदार आफैंले | रु. १,५००।– कामदार आफैंले |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला ।, २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ।, ३. यस विज्ञापन (सूचना)मा उल्लेखभएको भन्दा बढी रकम कसैलाई नदिनुहोला ।, ४. विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ ।, ५. विदेश जानुअघि आफूजाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेरमात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला ।, ६. काममा बिदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे श्रम तथा रोजगार प्रबर्द्धन विभाग, बानेशवरमा सम्पर्क राख्नुहोला ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**शाखा कार्यालय, बिर्तामोड, झापा**   Govt Lic.No. 259/058/059
फोन: ०२३–५४५०७२
मोबाइल: ९८५१०१६८०९, ९८०७९६३७९५, ९८१६०१५४८८, ९८२४००८९१४

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय मिश्रित फलदायी छ, सानो सफलता हात पार्नको निम्ति ठूलो परिश्रम गर्नुपर्ने देखिन्छ, खर्चिलो समय रहेको छ, लेनदेनमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दूरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, मिष्ठान्न भोजनको योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सन्तानबाट राम्रो खबर सुन्न पाइनेछ, लामो दूरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, [redacted] खबर सुन्न पाइनेछ ।

**[redacted] (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
[redacted] बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको
[redacted] हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, माया, प्रेमको
[redacted]कसिलो भएर जाने योग रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय बलवान रहेको छ, अपरान्न पछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउनेछ खानपानमा ध्यान पुर्‍याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अनावश्यक झञ्जटमा परिन सक्छ, धर्मकर्ममा रूची बढेर जानेछ, काम शुरूवात गर्नुअघि कुल देवताको सम्झना गर्नुहोला, नयाँ कामको खोजीमा समय बित्नेछ ।